नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद्
सानोठिमी, भक्तपुर, नेपाल
(..........................................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.:
च.नं.:

मितिः-२०८१/१२/०६

युवा सञ्जाल परिचालन कार्यक्रमको लागि प्रस्ताव आह्वान गरिएको सूचना।

श्री राष्ट्रिय युवा परिषदद्धारा गठित युवा सञ्जालहरु, सबै ।

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिषद २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये **विभिन्न विषय क्षेत्रमा परिषद्मा आवद्ध युवा सञ्जालहरुको सहभागितामा सामाजिक जागरण** रहेकोमा युवाहरुको सीप विकास, उद्यमशिलता र रोजगारीको अभिवृद्धि गर्ने उदेश्यलाई प्राथमिकतामा राखी राष्ट्रिय युवा परिषदद्धारा गठन भएका LGBTIQ, राष्ट्रिय युवा परिषदसंग आवद्ध सामाजिक संघसंस्थाहरुमा काम गर्ने युवाको सञ्जाल, कलासाहित्य / क्षेत्रमा काम गर्ने युवाहरुको सञ्जाल, वैकल्पिक हेरचाह युवाहरुको सञ्जाल परम्परागत सीपमा आधारि LGBTIQ, राष्ट्रिय युवा परिषदसंग आवद्ध सामाजिक संघसंस्थाहरुमा काम गर्ने युवाको सञ्जाल, कलासाहित्य / क्षेत्रमा काम गर्ने युवाहरुको सञ्जाल, वैकल्पिक हेरचाह युवाहरुको सञ्जाल, परम्परागत सीपमा आधारित युवाहरुको सञ्जालले युवाहरुको सञ्जालले युवाहरुको क्षेत्रमा काम गर्न तपसील बमोजिमको शर्तहरुको आधारमा प्रकृया पुरा गरी ७ दिन भित्र उल्लेखित युवा सञ्जालहरुले राष्ट्रिय युवा परिषदमा प्रस्ताव पेश गर्न यसै सूचना मार्फत आह्वान गरिएको छ।

तपसील

क. शर्तहरु

१. १६-४० वर्ष उमेर समूहका युवाहरुको लागि लक्षित गरिएका र ठोस उपलब्धि हासिल हुने गरी प्राथमिकतामा राखिएको हुनुपर्दछ।
२. प्रस्ताव पेश गर्दा सम्बन्धित सञ्जालको निर्णय सहित पेश गरिएको हुनुपर्नेछ ।
३. मिति २०८१ जेठ मसान्तसम्म कार्यक्रम सम्पन्न गर्ने गरी प्रस्ताव पेश गर्नुपर्नेछ ।
४. दिगो विकासको लक्ष्य र युथ भिजन २०२५ मा पुर्याउने योगदान समेतको आधारमा उपयुक्तता, विश्वसनीयता र औचित्यता हेरी प्रस्ताव पेश गर्नुपर्नेछ।
५. राष्ट्रिय युवा परिषद र छनौट भएका युवा सञ्जालसँगको द्धिपक्षीय सम्झौताका आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

ख. प्रक्रिया

१. प्रस्ताव पेश गर्ने युवा सञ्जालहरूले लैगिंक तथा यौनिक अल्पसंख्यक क्षेत्र, सामाजिक क्षेत्र, कलाकारीता क्षेत्र, परम्परागत सिप प्रवर्द्धन क्षेत्र, वैकल्पिक हेरचाहमा हुर्केका युवाहरुका सवाल समेट्ने गरी देहायका बुँदाहरुको आधारमा विस्तृत प्रस्ताव तयार गरी पेश गर्नुपर्ने छ।
   - कार्यक्रमको उद्देश्य
   - कार्यक्रमको खाका र कार्यान्वयन कार्ययोजना

शाखा अधिकृत

वेवसाईट :www.nyc.gov.np, इमेल : info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी अध्यक्ष), ☎: 6635133(प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष)

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद्

सानोठिमी, भक्तपुर, नेपाल

(..............................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल २०७२ सानोठिमी, भक्तपुर

प.सं.:

च.नं.:

- कार्यक्रम कार्यान्वयनको लागि उपलब्ध आर्थिक श्रोत र खर्चका आधार
- अपेक्षित उपलब्धि
- दिगो विकास लक्ष्य र युथ भिजन २०२५ को लक्ष्य प्रासिमा पुग्ने योगदान
- लक्षित वर्ग /क्षेत्र

२. प्रस्ताव पेश भएपछि छनौट समितिमा मूल्याङ्कनको लागि पेश हुनेछ र प्राथमिकता सुचिमा परेका सञ्चालहरुलाई सम्झौता गरी कार्यक्रम सञ्चालन अनुमति दिइनेछ ।

३. कार्यक्रम संचालन गरे पश्चात सोको प्रतिवेदन, सक्कल स्रेस्ता र बिल भरपाई बमोजिम सम्झौता अनुसार रकम उपलब्ध गराइनेछ ।

४. कार्यक्रम संचालन पश्चात स्थानिय तहबाट कार्यक्रम सम्पन्न पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

५. यो कार्यक्रम संग सम्बन्धित अन्य जानकारीका लागि संघसस्था समन्वय शाखाका शाखा अधिकृत श्री रमेश भट्टराई, फोन नं. ९८४२६५३४३४ मा सम्पर्क गर्न सकिन्छ ।

२०८१।१।२१ 

रमेश भट्टराई

(शाखा अधिकृत)

शाखा अधिकृत